मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, नेपाल

# शुभकामना

किराँत समुदायको महान् पर्व उँधौली, समस्त नेवार समुदायले मनाउने ज्यापु दिवस तथा यःमरि पुन्हिको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल बहु जातीय, बहुभाषिक, बहु सांस्कृतिक, बहु धार्मिक विशेषताले भरिएको सुन्दर देश हो । अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रा साझा पहिचान हुन् । यहाँका प्रत्येक जातजाति र समुदायको आ-आफ्नै सांस्कृतिक महत्त्व बोकेका मौलिक परम्परा रहेका छन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रूपमा रहेको हाम्रो मुलुकको राष्ट्रिय संस्कृतिको एक महत्त्वपूर्ण अङ्गको रूपमा किराँत संस्कृति पनि हो । उँधौली पर्वको अवसरमा पितृ र प्रकृतिपूजक किराँत समुदायभित्रका राई, लिम्बू, सुनुवार र याक्खाहरूले मानिस, जीवजन्तु तथा पशुपक्षीहरू लेकबाट बेँसीतिर बसाई सर्ने समयमा पाकेको नयाँ अन्नबाली आफ्ना पितृलाई चढाउने र राम्रो फसलको लागि धन्यवाद दिँदै अन्नबाली फारोतिनो होस् भन्ने कामना सहित भूमिको पूजा गर्ने गर्दछन् । यसका साथै, यस पर्वको अवसरमा किराँत महिला र पुरुषहरू खुल्ला आकाशमुनि ढोल र झ्याम्टा बजाएर चराचुरुङ्गी, जीवजन्तुको हाउभाउ एवम् मानिसका विभिन्न क्रियाकलापहरूको अनुकरण गर्दै सामूहिक रूपमा 'साकेला' नृत्य गर्ने परम्परा छ ।

बागमती प्रदेशमा बसोबास गर्नुहुने किराँत समुदायले यस पर्व मनाइरहँदा यसले विशिष्टीकृत सांस्कृतिक पहिचान स्थापित गरेको र परम्परागत मूल्य मान्यता प्राप्त गरेको मलाई महसुस भएको छ । यसका साथै समस्त नेवार समुदायले मनाउने ज्यापु दिवस तथा यःमरि पुन्हि लगायतले बागमती प्रदेश सरकार प्रदेश भित्र बसोबास गर्ने जातजातिका संस्कृतिहरूको संरक्षण तथा प्रवर्द्धन गर्दै तिनको विकासको लागि आवश्यक सहयोग गर्न सदैव तयार रहेको विश्वास समेत दिलाउन चाहन्छु ।

अन्त्यमा, यस्ता पर्वले हाम्रो सामाजिक सद्भाव कायम गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्रलाई सुदृढ गरी समाजवादको लक्ष्य हासिल गर्न हामी सबै एकताबद्ध भई अगाडी बढ्न प्रेरणा गर्नेछ भन्ने अपेक्षा सहित पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । जय नेपाल ।

**इन्द्रबहादुर बानियाँ**
**मुख्यमन्त्री**

विक्रम सम्वत् २०८२ मंसिर, १८
नेपाल सम्वत् ११४६ थिंलाथ्व, चतुर्दशी